# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## मिक्वाखोला गाउँपालिका
### ताप्लेजुङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## मिक्वाखोला गाउँपालिका

### ताप्लेजुङ




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## मिक्वाखोला गाउँपालिका

### ताप्लेजुङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ४६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मिक्वाखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
ताप्लेजुङ।

**कैफियतसहितको राय**

हामीले मिक्वाखोला गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१ गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ६ करोड ४१ लाख ४२ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु १ करोड १० लाख ४० हजार फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ८८ लाख २७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ३ करोड ८३ लाख ६३ हजार, नियमित गर्नुपर्ने रु ५९ लाख १२ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ३ करोड ४९ लाख ५२ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु ८ करोड ८० लाख ५४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका

व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

# मिक्वाखोला गाउँपालिका ताप्लेजुङ

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३४ | १०९ | ६४१४२ | ० | २३ | ११०४० | ३४ | ८६ | ५३१०२ | ८८२७ | ५९१२ | ३८३६३ | ० | ० | ४४२७५ | ० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ४२ | पारिश्रमिक कर कट्टा | ८९५० |
| २ | ४४ | बढी भ्रमण भत्ता | १५५०० |
| ३ | ४८ | बढी दिवा खाजा असुल | ४६०२६० |
| ५ | ४७ | बढी ग्रेड | १३८१० |
| ६ | ४३ | समानीकरणबाट शिक्षकको तलबभत्ता | १०२२२०१४ |
| ७ | ३९ | स्वकीय सचिवको तलबभत्ता | ३१९३२० |
| | | जम्मा | ११०३९८५४ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मिक्वाखोला गाउँपालिका | ३४९५२ | ० | ० | ३४९५२ | ० | ५३१०२ | ८८०५४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: मिक्वाखोला गाउँपालिका, ताप्लेजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ललित नारायण यादव | २०७८-७-२ | २०७८-१२-९ |
| कार्यालय प्रमुख | योगेन्द्र राज गुरुङ | २०७८-३-१ | २०७८-७-१ |
| कार्यालय प्रमुख | ललित नारायण यादव | २०७९-५-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रशान्त खतिवडा | २०७६-९-३ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५३,१०२,२९१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ५,४७,७६,९१४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २५,१८,६९,००० | **चालु खर्च** | १७,०४,६३,२९४ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७८,०१,००० | **पूँजीगत खर्च** | ७,६१,४७,२३५ |
| **राजश्व बाँडफाँट** | ५,४५,६७,०९७ | **वित्तीय/अन्य व्यवस्था** | ७,६४,३१,१४५ |
| **आन्तरिक आय** | २३,००,००० | | |
| **अन्य आय** | ४,२६,९७,९८२ | | |
| **कुल आय** | ३६,९२,३५,०७९ | **कुल खर्च** | ३२,३०,४१,६७४ |

| | |
|---|---|
| **बाँकी मौज्दात** | १०,०९,७०,३१९ |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले मिक्वाखोला गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । मिक्वाखोला गाउँपालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, ४४३वर्ग किलोमिटर क्षेत्रफल तथा १०१२० जनसंख्या रहेको छ। | |
| २ | | | **लेखापरीक्षण अबधिमा असुली**<br><br>गाउँपालिकाको लेखापरीक्षणको क्रममा निम्न बमोजिम रु ६१४००८९९ असुली भई सम्बन्धित खातामा बैक दाखिला भएको छ ।<br><br>विवरण — रकम<br>संघीय सरकारको अनुदान फिर्ता — ५२४८६१९९<br>प्रदेश सरकारको अनुदान फिर्ता — ८९१४७००<br>जम्मा — ६१४००८९९ | |
| ३ | | | **प्राप्ति तथा भुक्तानी हिसाब** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम मिक्वाखोला गाउँपालिकाले प्राप्त गरेकोआय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनकोक्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७८।७९मा प्राप्ति र भुक्तानी हिसाबको समग्र् संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ३८२८६१२९६ | ३६९२३५०७९ | | ३६९२३५०७९ | १४४७१८०१५ | | १४४७१८०१५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३२८४१२००० | ३२६५३७०९७ | ० | ३२६५३७०९७ | १३९६९१००० | ० | १३९६९१००० |
| ११००० कर | ११ | ६३७४१००० | ५६८६७०९७ | ० | ५६८६७०९७ | २२५००००० | ० | २२५००००० |
| १३००० अनुदान | | २६४६७१००० | २६९६७०००० | ० | २६९६७०००० | ११७१९१००० | ० | ११७१९१००० |
| संघीय सरकार | १२ | २४६९२५००० | २५१८६९००० | ० | २५१८६९००० | ११६१९१००० | ० | ११६१९१००० |
| प्रदेश सरकार | १२ | १७७४६००० | १७८०१००० | ० | १७८०१००० | १०००००० | ० | १०००००० |
| ख. अन्य प्राप्ति | | ५४४४९२९६ | ४२६९७९८२ | | ४२६९७९८२ | ५०२७०१५ | | ५०२७०१५ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ० | ० | ० | ० | १०००००० | ० | १०००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| धरौटी | | ० | १०९००० | ० | १०९००० | ४०२७०१५ | ० | ४०२७०१५ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ५४४४९२९६ | ४२५८८९८२ | ० | ४२५८८९८२ | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ३८७६६१२९६ | ३२३०४१६७४ | | ३२३०४१६७४ | २५१४९१०३५ | | २५१४९१०३५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३३३२१२००० | २४६६१०५२९ | | २४६६१०५२९ | २४९३०७१९६ | | २४९३०७१९६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १२२३२६३०० | ९५७२९५५० | ० | ९५७२९५५० | ८१८३६३२१ | ० | ८१८३६३२१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ८१६९१०५८ | ६६१०२६७६ | ० | ६६१०२६७६ | ७९६४८४८८ | ० | ७९६४८४८८ |
| २५००० सहायता (Subsidy) | १८ | ७००००० | २९९९०० | ० | २९९९०० | १००००० | ० | १००००० |
| २७००० सामाजिक सुरक्षा | १८ | १००६९००० | ७८२४१६८ | ० | ७८२४१६८ | ९९३३१६ | ० | ९९३३१६ |
| २८००० अन्य खर्च | १८ | १२८४००० | ५०७००० | ० | ५०७००० | ९१८९८० | ० | ९१८९८० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ११७१४१६४२ | ७६१४७२३५ | ० | ७६१४७२३५ | ८५८१००९१ | ० | ८५८१००९१ |
| घ. अन्य भूक्तानी | | ५४४४९२९६ | ७६४३११४५ | | ७६४३११४५ | २५१४९१०३५ | | २५१४९१०३५ |
| कोषहरु | | ० | ० | ० | ० | ८५७१३९ | ० | ८५७१३९ |
| धरौटी | | ० | ७९००७४ | ० | ७९००७४ | १३२६७०० | ० | १३२६७०० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ५४४४९२९६ | ४२५८८९८२ | ० | ४२५८८९८२ | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय तथा प्रदेश फिर्ता | | | ३३०५२०८९ | | ३३०५२०८९ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | -४८००००० | ४६१९३४०५ | | ४६१९३४०५ | -१०६७७३०२० | | -१०६७७३०२० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५४७७६९१४ | ` | ५४७७६९१४ | १८९००४४६ | | १८९००४४६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -४८००००० | १००९७०३१९ | | १००९७०३१९ | -८७८७२५७४ | | -८७८७२५७४ |
| बैंक तथा नगद बाकी | २४ | | १००९७०३१९ | | १००९७०३१९ | ५४६०३९९२ | | ५४६०३९९२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **बित्तीय बिबरणको विष्लेषण**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन ।<br><br>• सरकारी कारोबार निर्देशिका २०७६ बुदा ४ बमोजिम आन्तरीक राजश्व खाता,बाडफाडबाट प्राप्त राजश्व खाता,आन्तरीक अनुदान खाता, सञ्चित कोष खाता लगायत कोष खाता अद्याबधिक अभिलेख राख्नु पर्दछ । पालिकाले निर्देशिका बमोजिम उल्लेखित खाताको अद्याबधिक र सन्चितकोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको ट्रान्सफर अद्याबधिक नगरेको कारण सुत्र प्रणालिमा प्रप्ति तथा भुक्तानी हिसाब यथार्थ हुन सकेको छैन । | • |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<ul>
<li>गाउँपालिकाले सुत्रमा रहेको प्राप्ति तथा भुक्तानी हिसाब २७२ प्रयोगमा नल्याई आय व्ययको बिबरण तयार गरी पेश गरेको छ । स्थानीय संचित कोष व्यवस्थापन प्रणालीको यथार्थ हिसाब देखिने गरी नेपाल सार्वजनिक लेखामान बमोजिम प्राप्ति तथा भुक्तानी हिसाब तयार गरी पेश हुनुपर्दछ ।</li>
<li>बित्तिय बिबरणमा आर्थिक बर्षको अन्तमा रु ४०१८४११४ मौज्दात देखिएकोमा अनुसुचि २४ मा रु देखिएकोले श्रेस्ता अनुसार बैक मौज्दात रु देखिएकोले फरक देखिएको सम्बन्धमा एकिन गरी हिसाब मिलान हुनुपर्दछ ।</li>
</ul>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>
बैक हिसाब मिलान<br><br>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम बैक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण(म.ले.प.फा.न. २१२ ) तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गरेको देखिएन ।पालिकाको देहायबमोजम श्रेस्ता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु ८४१९१३२७।०० देखिएकोमा सो अबधिमा बैक अनुसार बैक मौज्दात रु १०२४४२८२०।०० देखिएकोले श्रेस्ता भन्दा बैक बढी देखिएको रु. १८६६३४१४७।०० सम्बन्धमा बैंक हिसाव मिलान विवरण (म.ले.प.फा.न. २१२ ) तयार गरी बढी देखिएको रकम एकिन गरी आम्दानी बाँधिनुपर्दछ ।<br><br>
<table>
<tr><th>खाताको नाम</th><th>श्रेस्ता अनुसारबाँकी</th><th>बैंक स्टेटमेण्टअनुसार बाँकी</th></tr>
<tr><td>ग २.१चालू खर्च खाता- विजोर वर्ष</td><td>९३३४५५८</td><td>९५९८२१८</td></tr>
<tr><td>ग २.३ पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>२५१७५२६६</td><td>३६८२२३३६</td></tr>
<tr><td>ग ३.१ स्धानीय तह धरौटी खाता</td><td>४२६४७६१</td><td>५१२५७८६</td></tr>
<tr><td>ग ४.१ स्थानीय तह सञ्चित कोष खाता</td><td>४५४१६७४२</td><td>३९०९७७९</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग-१.३ आन्तरिक अनुदान खाता</td><td></td><td>३२६९३३३१</td></tr>
<tr><td>ग-१.२वाडफाँडबाट प्राप्त राजश्व खाता</td><td></td><td>७२३७५९९</td></tr>
<tr><td>ग-२.७ विविध खर्च खाता</td><td></td><td>४५०४६६</td></tr>
<tr><td>ग-६.१ विभाज्य कोष खाता</td><td></td><td>५१३२८०४</td></tr>
<tr><td>ग.१.१ मिक्वाखोला गा.पा. आन्तरिक अनुदान खाता</td><td></td><td>१४७२५०१</td></tr>
<tr><td>जम्मा</td><td>८४१९१३२७</td><td>१०२४४२८२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>खर्च खातामा मौज्दात<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ तथा सरकारी कारोवार निर्देशिका, २०७६ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्ने ब्यवस्था छ । पालिकाको यस बर्षको अन्तमा चालु खर्च खातामा रु ९३ लाख ३४ हजार र पुजिगत खातामा रु २ करोड ५१ लाख ७५ हजार गरी रु २ करोड ६५ लाख ९ हजार मौज्दात देखिएकोले खर्च खाता शुन्य गरी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा पालिकाको संचित कोषमा स्थानान्तरण गरेको देखिएन । ऐन तथा निर्देशिका बमोजिम खर्च खातामा बाँकी रहेको रकम पालिकाको संचित कोषमा स्थानान्तरण गरीनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>जिम्मेवारी</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहको संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। तर पालिकाले गत वर्षको लेखा परिक्षण प्रतिवेदन अनुसार आर्थिक वर्षको अन्त्यमा रु. ७५५५०१७१ मौज्दात भएकोमा यो वर्षको प्राप्ती तथा भुक्तानी हिसाबमा रु.५४७७६९१४ जिम्मेवारी सारेको देखियो। जस अनुसार २०७७३२५७ लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा घटी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गरीनुपर्दछ । | |
| ८ | | | **अनुदान फिर्ता**<br><br>बिनियोजन ऐन, २०७८ को दफा ४ (१२) मा सशर्त, समपुरक र विशेष अनुदानको रकम आर्थिक वर्ष भित्र खर्च नभइ बचत भएमा त्यस्तो वचत रकम सम्बन्धित स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र संघिय सञ्चित कोषमा दाखिला गनुपर्ने व्यवस्था छ । त्यस्तै प्रदेश नं १ को बिनियोजन ऐन २०७८ को दफा ४(१३)मा सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ वचत भएमा त्यस्तो वचत रकम सम्बन्धित स्थानिय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गनुपर्ने व्यवस्था छ । पालिकाको प्राप्ती तथा भुक्तानी हिसाब अनुसार देहाय वमोजिम सशर्त, समपुरक र विशेष अनुदानको रकम रु. ६१४००८९९।०० असार मसान्तसम्म खर्च नभई मौज्दातमा रहेको देखिएको छ । ऐन अनुसार संघीय सञ्चित कोषमा रु. ५२४८६१९९ र प्रदेश सञ्चित कोषमा रु. ८९१४७०० गरी २०७९।६।४ मा दाखिला भएको छ । | |
| ९ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले कार्यसञ्चालन सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् । | • |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वजेट व्यवस्थापनतर्फ<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको पाइएन ।<br>• गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकालेे सो बमोजिमको मध्यमकालिन खर्च संरचना तयार गरेको पाईएन ।<br>• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।<br>• गाउँपालिकाले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको पाईएन ।<br>• गाउँपालिकाले यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको,पाईएन ।<br>• भ्रमण खर्च व्यवस्थापनतर्फ<br>• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित गरेको पाइएन,<br>• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरे गरेको देखिएन<br>• खरिद व्यवस्थापन तर्फ<br>• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको देखिएन ।<br>• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने मा तयार गरेको देखिएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन ।<br>• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी लागु भएको देखिएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको देखिएन ।<br>• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेकोमा , अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको देखिएन ।<br>• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गरेको देखिएन ।<br>• गाउँपालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको देखिएन ।<br>• शिक्षातर्फ<br>• गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको देखिएन ।<br>• विद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन ।<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको देखिएन<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको देखिएन । विविध तर्फ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विविधतर्फ<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिईएको देखिएन<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।<br>• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फाराममा अभिलेख राखेको पाइएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरुजु र कोष तथा खातामा बाँकी रहेको रकम गाउँपालिकामा जिम्मेवारी सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गरेको देखिएन ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको र अद्यावधिक भएको पाईएन ।<br>• म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखि अद्यावधिक भएको पाईएन ।<br>• जिन्सी निरीक्षण गरी प्रतिवेदन गर्नुपर्नेमा जिन्सी निरीक्षण गरेको पाईएन ।<br>• सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा जिन्सी लेखा अद्यावधिक गरेको पाइएन, | |
| १० | | | **सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण**<br>स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा पलिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख तथा अनुगमन गरेको देखिएन। सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख राखि अनुगमन नभएको कारण समेतबाट | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे,नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तान्तरण वा लिजमा दिए,नदिएको सम्बन्धमा एकिन हुन सकेन । कानुन बमोजिम सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>सम्पत्ति उपयोग र संरक्षण<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरूमा रहेका सम्पत्तिहरूको विवरण देहाय अनुसार छ ।
<table>
<tr><th>मुख्य सम्पति तथा मालसामानको नाम</th><th>जग्गाको क्षेत्रफल</th><th>भबन तथा सवारीको परिमाण</th><th>मुल्य रकम</th><th>प्रयोग/कैफियत</th></tr>
<tr><td>जग्गा</td><td>२३-०-२-०</td><td>३</td><td>-</td><td>-</td></tr>
<tr><td>बलेरो</td><td></td><td>१</td><td>२१५९२९२</td><td>विगत आ. व मा खरिद भएको</td></tr>
<tr><td>ब्याक्हु लोडर</td><td></td><td>१</td><td>४५५००००</td><td>विगत आ. व मा खरिद भएको</td></tr>
<tr><td>मोटरसाईकल</td><td></td><td>१५</td><td>६४९२४९७</td><td>यस बर्ष १ बिगत आ. व मा १४खरिद भएको</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>एम्बुलेन्स</td><td></td><td>२</td><td>१०७९७५५</td><td>सहयोग प्राप्तको मूल्य नखुलेको</td></tr>
</table>
उल्लेखित बिबरण आधारमा अवलोकन गर्दा गाउँपालिकाले ब्याक्हु लोडर. सञ्चालन कार्यविधि बमोजिम प्रभावकारी कार्यान्वयन गरी प्रयोगको अभिलेख व्यवस्थित नभएको र सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।३।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा सम्पति,साविकका संघीय बिषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख सम्पत्ति प्राप्त गरी पालिकाको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक गरेको नदेखिकोले पालिकाको सम्पत्तिको लेखांकन अद्यावधिक गरी उपयोग तथा संरक्षण गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>
हेभि ईक्विपमेन्ट मेशिनको प्रयोगको बिश्लेषण<br><br>
पालिकाले ब्याक्हु लोडर जस्ता हेभि ईक्विपमेन्ट मेशिनहरु गत बिगत देखि खरिद गरी प्रयोगमा ल्याएको छ । प्रयोगमा ल्याएको उल्लेखित मेशिनहरुको कार्यालयले छुट्टैआम्दानी तथा खर्चको हिसाब बिबरण तयार गरेको छैन । साथै हेभि ईक्विपमेन्ट मेशिनहरु बाट निशुल्क प्रयोगमा ल्याउदा कहा कति परीमाणको कार्य गरेको अभिलेख राखेको छैन । लेखापरीक्षणमा सो सम्पत्तिको उपयोग सो बाट प्राप्त हुने राजस्वको बिबरण पेश नभएकोले मेशिनरीको वर्षभरीको आम्दानी तथा खर्च एकीन गर्न सकीएन । मेशिनहरुको कार्यालयले छुट्टैआम्दानी तथा खर्चको हिसाब तयार गरी सार्वजनिक प्रयोगको विश्लेषण गरीनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>
कानून निर्माण एवं कार्यान्वयन<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ३० नमूना कानून उपलब्ध गराएको देखिएको र
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहको लागि ४० भन्दा बढी कानून आवश्यक पर्ने अवस्था रहेको छ । गाउँपालिकाले हालसम्म ८ ऐन, ३ नियमावली, १८ कार्यबिधि र १ मापदण्ड गरी जम्मा ३० कानून निर्माण गरी कार्यान्बयननमा आएकोमा सेवा प्रवाहको लागि आवश्यक पर्ने कानून, राजस्व सङ्कलन र खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानून बनाएको देखिएन । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आबश्यक कानून बनाई गाउँपालिकाको कार्यप्रकृयालाई ब्यबस्थित गरीनुपर्दछ । | |
| १४ | | | **न्यायिक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाको गतबर्ष फछ्र्यौट कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष थप भएको ३ वटा गरी विवाद दर्ता भएकोमा ३ वटै फछ्र्यौट भई फछ्र्यौट हुन बाँकी मुद्दा देखिदैन । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाएको देखिएको छ । | |
| १५ | | | **कर्मचारी दरबन्दी र पदपुर्ति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २५ दरबन्दी स्वीकृत रहेको बिबरण प्राप्त भएकोमा प्रमुख प्रशासकीय अधिकृत सहित ११ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ईन्जिनियर छैठौ सहित १४ पदहरु रिक्त रहेका छन । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरु यथाशक्य प्रदेश लोकसेवा आयोग मार्फत छिटो पदपूर्ती गरी सेवा प्रवाह प्रभावकारीता बनाउनुपर्दछ । | |
| १६ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले विभिन्न पदमा ३५ जना कर्मचारी करारमा राखी तलब भत्तामा रू१ करोड ४० लाख ४५ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पल्म्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले सब ईन्जिनियर, कम्प्युटर अपरेटर, कृषी तथा पशु प्रबिधिक लगायत ५ पदमा करारमा नियुक्ति गरी रू २०लाख १० हजार ६८४ तलब भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन । | |
| १७ | | | **बजेट तथा कार्यक्रम**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान, सोही ऐनको दफा ६५,६६,६७ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५ बमोजिम प्रकृया पुऱ्याइ आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने र ऐनको दफा ७१ (६) बमोजिम असार मसान्त भित्र बजेट पारित गरीसक्नुपर्ने व्यवस्था छ । पालिकाले आ. ब.२०७८।७९ को बार्षिक कार्यक्रम तथा बजेट देहाय बमोजिम मिति २०७८।३।१० मा रु ३३ करोड १२ लाख ८० हजार बजेट सभा समक्ष पेश गरी सभाले मिति २०७८।३।१० मा बजेट पारित गरेको छ। पारित गरेको बजेट ऐनले तोकेबमोजिम र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दिग्दर्शनको देहाय प्रकृया तथा कार्यतालिकाको अबधिभित्र कार्य भएको नदेखिएकोले तोकिएको प्रकृया तथा कार्यतालिका बमोजिम बजेट पारित गरीनुपर्दछ ।
<table>
<tr><th>बजेट तयारी चरण</th><th>नियममा रहेको अबधि</th><th>कार्य भएको मिति</th><th>कानूनी ब्यबस्था</th></tr>
<tr><td>स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेश गरी गर्नुपर्ने ।</td><td>प्रत्येक बर्ष पौष १५ भित्र</td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५,र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५</td></tr>
<tr><td>आगामी आर्थिक बर्षको लागि आय ब्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको बिबरण नेपाल सरकारमा पेश गर्ने ।</td><td>पौष मसान्त भित्र</td><td></td><td>अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन २०७४ को दफा १८</td></tr>
<tr><td>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले श्रोतको प्रक्षेपण, सन्तुलित बितरणको खाका, बजेट सीमा निर्धारण गर्ने ।</td><td>प्रत्येक वर्षको बैशाख १० गते भित्र सम्पन्न गरिसक्नु</td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(६) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५</td></tr>
<tr><td>आगामी आर्थिक बर्षको बजेट सिमा, गाउपालिका, बिषयगत महाशाखा,शाखा तथा वडा समितिलाई पठाउने ।</td><td>प्रत्येक वर्षको बैशाख १५ गते भित्र सम्पन्न गरिसक्नु</td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(७) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>प्राप्त बजेटको सिमाभित्र रहि बिषयगत माहाशाखा,शाखा तथा बडा समितिले पालिकाको योजना,कार्यक्रम तथा अनुमानित, बजेट तर्जुमा गरी पेश गर्नुपर्ने ।</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(८) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५</td></tr>
<tr><td>बजेट तथा कार्यक्रम तर्जुमा समितिले बिषयगत महाशाखा,शाखा तथा वडा समिति बाट प्राप्त बजेट प्राथमिकीकरण गरी अन्तिम प्रस्ताब कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्विकृत गर्नु पर्ने।</td><td>असार ५ गते भित्र</td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५</td></tr>
<tr><td>गाउँ कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्ष वा उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत गाउँ सभामा प्रस्तुत गरी सक्नु पर्ने ।</td><td>असार १० गतेभित्र</td><td>२०७८।३।१०</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(१)</td></tr>
<tr><td>बजेट तथा कार्यक्रम सभाले पारित गरिसक्नु पर्ने</td><td>असार मसान्त भित्र</td><td>२०७८।३।१०</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(६)</td></tr>
<tr><td>सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशन र सम्बन्धित पालिकाको वेवसाईटमा अपलोड गर्नु पर्ने ।</td><td>श्रावण १५ भित्र</td><td></td><td>स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बुदा ५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>योजनाको प्राथमिकीकरण</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको बिकासका लागि आबधिक,वार्षिक, रणनीतीक विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन बिकास योजना बनाई लागु गर्नुपर्ने र योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकीकरण गर्नुको साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका योजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। गाउँपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेटको ठुलो अंश देहायबमोजिम छुट्याइएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।<br><br>
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>१ लाख भन्दा कमको योजना</td><td>६</td><td>५४३७२८</td></tr>
<tr><td>२</td><td>एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>५८</td><td>१४५८७७४७</td></tr>
<tr><td>३</td><td>५ लाख देखि १० लाख सम्मका योजना</td><td>४</td><td>३२६२५७७</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>६</td><td>१५३३९३४८</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>१</td><td>१७४९६६७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७६</td><td>५१२३००७५</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **कार्यक्रम कार्यान्वयन**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । त्यस्तै बजेट कार्यन्वयन गर्दा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा ६ र ७ मा देहाय बमोजिमको प्रक्रिया पुऱ्याइ बजेट तथा योजना कार्यान्वयन गर्नुपर्ने ब्यबस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७८।७९ को बार्षिक बजेट २०७८ आषाढ १० मा सभावाट स्वीकृत गरेकोमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई मिति २०७७।०३।३१ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको भएपनि बजेट कार्यान्वयनका देहाय चरणहरुको कार्यान्वन गरेको देखिएन । ऐनले तोकेबमोजिम र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, प्रक्रिया तथा कार्यतालिका बमोजिम बजेट कार्यान्वयन प्रक्रियालाई अबलम्बन गरीनुपर्दछ । | |

| बजेट कार्र्यान्वियनका चरण | नियममा रहेकोअबधि | कार्य भएको मिति | कानूनी ब्यबस्था |
|---|---|---|---|
| अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेटखर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने । | सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र | २०७८।०३।३१ | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ |
| प्रमुख प्रशासकीय अधिकृतले स्विकृत कार्यक्रम सम्बन्धित विभाग/ महाशाखा/ शाखा /इकाइ प्रमुखलाई लिखित रुपमा योजना कार्यान्वयनकोजिम्मा दिनुपर्ने । | अख्तियारी प्राप्त भएको १५ दिनभित्र | - | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | सम्बन्धित विभाग/ महाशाखा/ शाखा/ ईकाइ प्रमुखले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्ने । | योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र | - | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ | |
| | | | सबै विभाग/ महाशाखा /शाखा / इकाइ प्रमुख बाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकिकृत गरी एकीकृतकार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्ने । | | - | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ | |
| | | | गाउँ / नगर कार्यपालिकाले वार्षिक खरिद योजना तथा गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने । | आर्थिक वर्ष शुरु भएको एक महिना भित्र | - | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ | |
| | | | अनुगमन तथा सुपरीबेक्षण समिति गठन गरी, समितिले काम गरेको प्रतिबेदन प्रत्येक २ महिनामा कार्यपालिकामा पेश गर्नुपर्ने र कार्यपालिकाले अनुगमन तथा सुपरीबेक्षण समितिको प्रतिबेदनको आधारमा योजना कार्यन्वयनमा देखिएका त्रुटिहरु सच्चाउन तथा समय | एकिकृत गरी एकीकृतकार्यान्वयनकार्यय ोजना कार्यपालिका समक्ष पेश गरेको १५ दिन भित्र समितिले कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने | - | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख (५)र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति,निर्माण ब्यबसायी,परामर्शदाता र कर्मचारी)लाई आबश्यक निर्दशन दिनुपर्ने ।</td><td></td><td></td><td>२०७४को बुदा ६.२.१ र ६.२.१</td></tr>
<tr><td>वडा अनुगमन समिति गठन गरी बडास्तरिय योजना अनुगमन गर्दा देखिएको बिषयका सम्बन्धमा अनुगमन तथा सुपरीबेक्षण समितिलाई नियमित रुपमा जानकारी गराउनुपर्ने ।</td><td></td><td></td><td>स्थानीय सरकारसंचालन ऐन, २०७४ को दफा १६(४) ग (४) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.३</td></tr>
<tr><td>पालिकाले ५ करोड भन्दा बढि लागतका आयोजनाको योजना सम्पन्न भएको २ बर्ष भित्र तेश्रो पक्षबाट प्रभाब मुल्याङ्कन गराउनुपर्ने</td><td></td><td>योजना नभएको</td><td>स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च<br><br>स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५.१.३ मा बजेटको पुर्ब तयारी गर्दा गाऊँकार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास कृयाकलापहरुलाई विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्ने त्यस्तै सोहि दिग्दर्शनको बुदा ५.२.२.३ मा श्रोत अनुमान तथा बजेट</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सिमा निर्धारण समितिको काम, कर्तब्य र अधिकारमा विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने,र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने समेत ब्यबस्था छ । श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले यस वर्ष विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने कार्य र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय नगरी देहाय बमोजिम बजेट तर्जुमा गरी देहायबमोजिम खर्च गरेको छ । दिग्दर्शन बमोजिम विषय क्षेत्रगत वजेटको सीमा निर्धारण, क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गरी बजेट तर्जुमा तथा खर्च गरिनु पर्दछ । | |

| बिषयगत क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २१६७५००० | १७०२१९६४ | ७८।५३ |
| सामाजिक क्षेत्र | १४३५२९३८९ | ११२३२८२१६ | ७८।२६ |
| पूर्वाधार विकास क्षेत्र | ८९६४०००० | ५७२६३५४५ | ६३।८८ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६१०७६४२ | ५६१९०६४ | ९२ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ७२२५९९६९ | ५४३७७७४० | ७५।३५ |
| **जम्मा** | ३३३२१२००० | २४६६१०५२९ | ७४।०१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **चौमासिक खर्च**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण तयार गरी नियम ३६ बमोजिम त्यसको र बित्तीय पक्षको समिक्षा गर्नुपर्ने व्यवस्था छ । कार्यालय ले उपलव्ध गराएको विवरण अनुसार देहाय बमोजिम प्रथम चौमासिकमा ० प्रतिशत दोस्रो चौमासिकमा १८ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रतिशत तेस्रो चौमासिकमा ८२ प्रतिशत र आषाढ महिनामा मात्र ३७.४६ प्रतिशत खर्च भएको छ । गाउँपालिकाले चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न नगरी वर्षान्तमा काम गराउँदा निर्माण कार्यको सुपरभिजन, कामको गुणस्तरमा असर पर्ने भएकोले चौमासिक रूपमा सन्तुलन मिलाई बजेट खर्च गर्नुपर्दछ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>पालिका पुजिगत</td><td>५९४८४००१</td><td>०</td><td>१३७००७२५</td><td>४५७८३२७६</td><td>१४६०१३१०</td></tr>
<tr><td>२</td><td>शसर्त पुजिगत</td><td>१३२१९२३४</td><td>०</td><td>०</td><td>१३२१९२३४</td><td>१०९२९९६८</td></tr>
<tr><td>३</td><td>प्रदेश शसर्त</td><td>३४४४०००</td><td>०</td><td>०</td><td>३४४४०००</td><td>३००००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७६१४७२३५</td><td>०</td><td>१३७००७२५</td><td>६२४४६५१०</td><td>२८५३१२७८</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>१००</td><td>०</td><td>१८</td><td>८२</td><td>३७.४६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>अन्तर सरकारी अख्तीयारी<br><br>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ४६ मा स्थानीय तह मार्फत कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नेगरी निर्णय भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई संघीय निकायको ईकाईका रुपमा कार्यालयको कोड उपलब्ध गराई एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्नेगरी त्यस्तो कार्यक्रमको भुक्तानी निकासा दिने र अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम गर्ने कार्यालयले त्यस्तो अख्तियारी अनुसार भएको खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन स्विकृत ढाँचामा अख्तियारी दिने निकायमा पठाउनुपर्ने ब्यबस्था छ । गाउँपालिकालाई यस बर्ष देहाय बमोजिम अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम कार्यन्वयन गर्न अख्तियारी तथा निकासा प्राप्त भई खर्च समेत भएकोमा खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाएको देखिएन । कानूनमा भएको ब्यबस्था अनुसार खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाउनु पर्दछ । | |

| ब.उ.शि.नं. | बजेट | खर्च | पेश्की |
|---|---|---|---|
| ३१४०१०१२३ | ३१८८५२९६ | २९८०५१७९ | ० |
| ३७०००११६४ | १३१००००० | ३९९८८०३ | ० |
| ३३६००१०२३ | ४६४००० | ४५५००० | ० |
| ३६५०११११४ | ९०००००० | ८३३०००० | ८३३०००० |
| | ५४४४९२९६ | ४२५८८९८२ | ८३३०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **बित्तीय समानीकरण अनुदानको उपयोग**<br><br>राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघिय बिभाज्य कोषबाट स्थानीय तहमा प्राप्त हुने बित्तीय समानीकरण रकमको उपयोगको गर्दा सो रकमबाट बिनियोजन अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एबं सञ्चालन आदीमा बिनियोजन गरी खर्च गर्न नपाईने ब्यबस्था छ ।आयोगको मार्गदर्शन विपरीत गाउँपालिकाले देहाय बमोजिम प्रशासनिक एबं सञ्चालन प्रकृतिका कार्यमा खर्च गरी भुक्तानी दिएको देखिएकोले यस्तो खर्च नियन्त्रण गरीनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>खर्च शिर्षक</td><td>खर्च रकम</td></tr>
<tr><td>पारीश्रमिक कर्मचारी</td><td>४९९९९२</td></tr>
<tr><td>अन्य भत्ता</td><td>९३१९४०</td></tr>
<tr><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>१००००</td></tr>
<tr><td>अन्य कार्यालय सञ्चालन खर्च</td><td>५५००००</td></tr>
<tr><td>बिबिध खर्च</td><td>३१००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>राजश्व बाँडफाँडबाट प्राप्त रकमको उपयोग<br><br>राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले जारी गरेको मार्गदर्शनमा राजश्व बाँडफाडबाट प्राप्त हुने रकमको उपयोग गर्दा मुलत सामाजिक सेवा र आर्थिक सामाजिक क्षेत्रमा उपयोग गर्ने, प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक खर्चको लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र किफायती रुपमा उपयोग गरी वाकी रकम बिकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट विनियोजन गनुपर्ने उल्लेख गरेकोमा गाउँपालिकाले प्राप्त अनुदान रकम मुलत सामाजिक सेवा, बिकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेकोले आन्तरिक श्रोत बृद्धि गरी मार्गदर्शन बमोजिम अनुदानको खर्च गरीनुपर्छ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>बितरणमुखि खर्च<br><br>पालिकाले महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । यस बर्ष पालिकाले बिभिन्न संध,संस्था, समूह, क्लब र ब्यक्ति</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लगायतलाई निबेदन र मागको आधारमा पर्व, जात्रा, यात्रा, संस्कृति र लगायतमा देहायबमोजिमआर्थिक सहायता बापत रु. ४२००००।०० वितरण गरेको छ । तसर्थ यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई निरुत्साहित गरी यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।
<table>
<tr><th>गो भौ नं मिति</th><th>भुक्तानी लिने</th><th>बापत</th><th>रकम</th></tr>
<tr><td>२५८।२०७९।३।१९</td><td>मुन्धुमे केलाङ समुह</td><td>संस्कृति प्रबर्दन</td><td>१०००००</td></tr>
<tr><td>२१०।२०७९।३।८</td><td>ग्रामीण महिला आमा समुह</td><td>नारी दिबस</td><td>८००००</td></tr>
<tr><td>२११।२०७९।३।८</td><td>सगरमाथा महिला बिकास समिति</td><td>नारी दिबस</td><td>८००००</td></tr>
<tr><td>२२२।२०७९।३।१५</td><td>प्रतिमा तामाङ</td><td>नारी दिबस</td><td>८००००</td></tr>
<tr><td>२२३।२०७९।३।१५</td><td>सुनौलो महिला बिकास समिति</td><td>नारी दिबस</td><td>८००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>बिबिध खर्च</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ रु. ३१२१६७७।०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २७ | | | **ठेक्काबाट भएको कामको अभिलेख**<br><br>आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २५ मा स्थानीय तहले महालेखापरीक्षकले स्वीकृत गरेको लेखा ढाँचामा लेखा राख्नुपर्ने ब्यबस्था छ । गाउँपालिकाले ठेक्काबाट भएको कामको अभिलेख देखिने म ले प फा नं. ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं. ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राखेको देखिएन । कानुन बमोजिम स्विकृत म ले प फारम प्रयोग गरी ठेक्काबाट भएको कामको अभिलेख राखिनुपर्दछ । | |
| २८ | | | **खरिद कार्वाहीको अभिलेख**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कार्वाहीकोनिम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने ब्यबस्था छ । यस गाउँपालिकाले हरेक खरिद कारवाहीको एउटै फाइलमा देखिने गरी छुट्टै फाइल खडा गरी राखेको देखिएन । सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्वाहिको छुट्टै फाइल खडा गरी राख्नुपर्दछ । | |
| २९ | | | **शिक्षक दरबन्दी पदपूर्ति**<br><br>शिक्षा तथा मानब श्रोत बिकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ मा स्थानीय तहले दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा,प्राविधिक धार, प्रारम्भिक वाल बिकास सहजकर्ता र विद्यालय कर्मचारी अनुदानमा कार्यरत शिक्षक,प्रशिक्षक तथा कर्मचारीको विद्यालयबाट प्राप्त मागफारम रुजुगरी निर्धारीत तलब, भत्ता, पोशाक खर्च, चाडपर्ब खर्च अनुदान उपलब्ध गराउने व्यवस्था छ । गाउँपालिकाको क्षेत्रभित्र रहेका विद्यालयको दरबन्दी मिलान नगरी तलव भत्तामा अनुदान खर्च लेख्ने गरेको छ । साथै नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दि तथा राहतकोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड भए बमोजिमको शिक्षक दरवन्दी तथा पदपूर्ति देहाय वमोजिम रहेको र सोही बमोजिम अनुदान निकाशा भएको छ । विद्यालयमा शिक्षक विद्यार्थी अनुपात एकीन गरी नियमबमोजिम विद्यालय मर्ज र शिक्षक दरबन्दी मिलान हुनुपर्दछ ।<br><br><table><tr><th>विद्यालयको संख्या</th><th>शिक्षक दरबन्दी</th><th>पदपुर्ती</th><th>कार्यरत मध्ये/ स्थायी</th><th>कार्यरतमध्ये अस्थायी/करार</th><th>विद्यार्थी संख्या</th></tr><tr><td>२८</td><td>११२</td><td>११२</td><td>५०</td><td>६२</td><td>२५९०</td></tr></table></td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>अनुगमन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वसामान्यतामा असर नपर्नेगरी गाउँपालिकाको काम कर्तब्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन,विद्यालयको आय ब्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने ब्यबस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखमान दिग्दर्शन वमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरीक लगानीकोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको, र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुबिधा अनिबार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको अनुगमन नियमन गरेको प्रतिबेदन देखिएन । उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>पेश्की बाँकी</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०(३) मा कार्यालयले सम्झौताको शर्त अनुसार दिईने पेश्की चालु आर्थिक बर्षको अन्तसम्ममा फछ्यौंट हुन नसक्ने पेश्की दिन हुदैन भन्ने ब्यबस्था छ । पालिकाको निम्नानुसार चालु आर्थिक बर्षको अन्तसम्ममा फछ्यौंट हुन नसक्ने मोविलाइजेशन पेश्की बाँकी देखिएकोमा सार्बजनिक खरिद नियमावली को ११३(५) बमोजिम रनिङ बिल बाट कट्टा गरी तोकेको अबधिभित्र मोविलाईजेशन पेश्की फछ्यौंट गर्नुपर्ने देखिएको छ ।
<table>
<tr><th>पेश्की लिएको मिति</th><th>पेश्की लिनेको नाम</th><th>बिवरण</th><th>म्याद ननाघेको पेश्की</th><th>म्याद नाघेको पेश्की</th><th></th></tr>
<tr><td>२०७९।३।३०</td><td>आशिष/स्वामीना।यण/योगेश्वर जे भि</td><td>प्रशासकिय भबन</td><td>८३३००००</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>आन्तरिक आयतर्फ</td><td></td></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>आन्तरीक आम्दानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैंङ्क दाखिला गर्नु पर्ने व्यवस्था भएकोमा पालिका एवं अन्तर्गतका वडा कार्यालयहरुले असुल भएको रकम समयमा नै बैंक दाखिला गर्ने गरेको देखिएन। जसले गर्दा प्राप्त भएको राजस्व हिनामिना हुन सक्ने भएकोले आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई संकलित रकम अनिवार्य रूपमा तोकिएको समयमै बैंक दाखिला गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२.२</td><td></td><td></td><td>नगदी रसिद- गाँउकार्यपालिका एवं अन्तर्गतका वडाहरुले नगदी रसिदको प्रयोग गरी प्राप्त गरेको आम्दानीलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरि बैंङ्क दाखिला गर्नुपर्दछ। पालिकाको वडा नं. १, २, ३ र ४ वाट सबै रसिद दैनिक आम्दानी किताबमा</td><td>४९३,८९०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अभिलेख गरेको नदेखिएको र पेश भएको बैंक भौचरभन्दा नगदि रसिद कम पेश भएकोले सबै नगदि रसिदको आम्दानी एकिन गर्न सकिएन ।तसर्थ देहाय बमोजिम बैंङ्क दाखिला रकमको नगदि रसिद, दैनिक आम्दानी किताब पेश गर्नुपर्ने रु
<table>
<tr><th>क्र.सं.</th><th>वडा नं.</th><th>बैंङ्क दाखिला</th></tr>
<tr><td>१</td><td>१ र २</td><td>२०३३००</td></tr>
<tr><td>२</td><td>३</td><td>७९५००</td></tr>
<tr><td>३</td><td>४</td><td>२११०९०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>परामर्श दाताबाट गराएको अध्ययन कार्य<br><br>सार्बजनिक खरिद ऐन २०६३ को दफा २९ मा सम्बन्धित सार्बजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्बजनिक निकायले कुनै ब्यक्ति,फर्म, संस्था वा कम्पनिबाट परामर्श सेबा खरिद गर्न सक्ने ब्यबस्था छ । पालिकाले उपलब्ध जनशक्तीको बिश्लेषण नगरी देहाय परामर्श सम्बन्धि कार्य परामर्श दाताबाट गराएको र अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान स्वीकृत बजेट बराबर हुनेगरी देहाय बमोजिम प्रतिश्पर्धा समेत नगराइ खर्च गरेको समेत देखिएको छ । सार्बजनिक खरिद ऐन वमोजिम सो कार्य गराउदा बजेट व्यवस्था भई कार्यान्वयन हुने योजनाको मात्र डीपीआर को अध्ययन गराउनुपर्नेमा सो पक्षबारे बिश्लेषण गरी कार्य गरेको पाईएन । डीपीआर को अध्ययन गराउदा उपलब्ध जनशक्तीको बिश्लेषण गरी कार्यान्वयन आउने योजना को मात्र गराइ अभिलेख राख्नुपर्दछ ।
<table>
<tr><th>गो भौ नं मिति</th><th>डि पि आर कार्य</th><th>परामर्शदाता</th><th>खर्च रकम</th><th>अध्यायनबाट देखिएको ल ई</th></tr>
<tr><td>६४।०७८।१२।८</td><td>सडक गुरुयोजना तयारी</td><td>राप्ति इन्जिनियरिङ कन्सल्टेन्सी</td><td>९९००००</td><td>-</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १०।०७८।१०।३ / हाडिखोला पुल / रासि इन्जिनियरिङ कन्सल्टेन्सी / १४८०००० / ३०९७७४०९ | |

| | | | | |
|---|---|---|---|---|
| १०।०७८।१०।३ | हाडिखोला पुल | रासि इन्जिनियरिङ कन्सल्टेन्सी | १४८०००० | ३०९७७४०९ |
| ३१२।२०७९।३।२५ | ढिङगुरे ताङखु पापुडा सडक डिपीआर | के एस एस ईन्जिनियरीङ प्रा लि | ९१०००० | |
| १६५।२०७९।१।७ | मिक्वाखोला कभर्डहल डिपीआर | रासि इन्जिनियरिङ कन्सल्टेन्सी | ४९०००० | |
| ९।०७८।१०।३ | खोकालुङ्ग -लिभाङ -थलङ -सावा-पापुङ सडकको डिपिआर | ड्रिम इन्जिनियरिङ | २०००००० | ८०१३६१७६ |
| जम्मा | | | ५८७०००० | १११११३५८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **कर समायोजन** मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १४ मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई विजक दिनुपर्ने र विजक लिनु प्रापकको कर्तव्य हुने व्यवस्था छ । पालिकाले देहाय बमोजिम मुअकर बिजक नलिई मुअकर रकम भुक्तानी भएको देखिएको छ । ऐन बमोजिम कर बिजक बेगर मुअकर भुक्तानी भएको देखिएकोले कर समायोजनको प्रमाण पेश गर्नु पर्ने रु–. | १७४,६९३ |

| गो भौ नं मिति | आपुर्तक | कार्य | खर्च रकम | मुअकर रकम |
|---|---|---|---|---|
| १२।२०७९।३।२५ | सुनकोशि निर्माण सेवा | लिवाङ स्वस्थ्य चौकी निर्माण | १३४३७९२ | १७४६९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **बढि पेश्कि दिएको** | १,०७०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ क मा सार्वजनिक निकायले खरिद सम्झौता पस्चात आपुर्तिकर्ता निर्माण व्यवसायी र सेवा प्रदायकबाट अग्रिम जमानत लिई खरिद सम्झौताको २० प्रतिशत नबढ्नेगरी पेश्कि दिन सक्ने र पेश्कि दिदा पहिलो पटक स्विकृत पेश्कि रकमको आधामा नबढ्ने गरी र बाँकि रकम कार्य प्रगतिको आधारमा दिन सकिने व्यवस्था छ । पालिकाले प्रशासकिय भवन निर्माण बापत ठेकेदार आशिसर/श्वमिनारायण/ योगेस्वर जेभिलाई देहाय बमोजिम ऐनमा भएको व्यवस्था तथा कार्यसम्पादन जमानत भन्दा बढि पेश्की दिएको छ । सार्वजनिक खरिद ऐन, सम्झौता तथा बैंङ्क ग्यारेन्टि भन्दा बढि भुक्तानी भएको पेश्कि रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>ब उ शि नं.</th><th>गो भौ नं.</th><th>Ps र मु अ कर घटाई सम्झौता रकम</th><th>विवरण</th><th>पेश्कि रकम</th><th>बढि पेश्कि रकम</th></tr>
<tr><td>गा पा पुँजिगत</td><td>११८।२०७९।२।२८</td><td>८३३०७१००।१९</td><td>रु.८३३०००० कार्यसम्पादन जमानत लिई सो आधारमा खर्च जनाएको</td><td>९४०००००</td><td>१०७००००</td></tr>
<tr><td>स्थानीय तह प्रशासकिय भवन</td><td>१।२०७९।३।३०</td><td>ऐऐ</td><td>रु.८३३०००० कार्यसम्पादन जमानत लिई सो आधारमा पेश्कि जनाएको</td><td>८३३००००</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>अधुरो निर्माण कार्य<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको कारणले तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।पालिकाको देहाय बमोजिमका निर्माण कार्यमा तोकिएको अबधिमा कार्यसम्पन्न नगरेको कारण निर्माण कार्य अधुरो रहन गएको छ । निर्माण ब्यबसायिले म्याद थप निबेदन दिएको समेत नदेखिएकोले पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी सम्झौताबमोजिमको बाकी निर्माण कार्य सम्पन्न गर्नुपर्नेरु</td><td>४,८२३,३२६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>निर्माण ब्यबसायी</td><td>कार्य</td><td>सम्झौता रकम</td><td>कार्यसम्पन्न गर्नुपर्ने मिति</td><td>हालसम्म काम</td><td>बाँकी कार्य</td></tr>
<tr><td>तमोर भ्यालि निर्माण सेवा</td><td>मानभारा डाडामा पर्यटकीय पुर्वाधार निर्माण</td><td>९४२४०५५</td><td>२०७९।३।२४</td><td>४६००७२९</td><td>४८२३३२६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>फुसको छाना विस्थापन<br><br>फुसको छाना विस्थापन कार्यविधि २०७८ को बुढ्ढा ५ मा पालिकासँग सम्झौता भएपछि पहिलो किस्ता वापत ५०००० को ५० प्रतिशत र प्राविधिक अनुगमन र वडा सिफारिसको आधारमा अन्तिम किस्ता अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले गोश्वारा भौचर नम्वर ८१।०७९।१।९ बाट उपभोक्ता समितिलाई ३४ घर परिवारको छाना लगाउने कार्यको रु.२३,६०,६६१ मुल्याङ्कन गरि रु २०,००,००० भुक्तानी दिएको छ । कार्यविधि बमोजिम ३४ घरको प्रति घर ५०००० का दरले रु १७००००० भुक्तानी हुनु पर्ने देखिएकोले कार्यविधि भन्दा बढी खर्च अनियमित देखिएको रु..</td><td>३००,०००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>औषधि खरिद<br><br>गाउँपालिकाले आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद शिर्षकबाट रु २४५००००।०० को १०६ प्रकारको औषधि सिलकोटेसन विधिबाट ड्रग ईन्टरनेशनल संग खरिद गरेकोमा देखिएका व्यहोरा देहायअनुसार छन ।<br><br>• सार्वजनिक खरिद ऐन तथा नियमावलीमा मालसामान खरिदको लागत अनुमान सूचनामा खुलाउन पाउने व्यवस्था छैन । गाउँपालिकाले लागत अनुमान अंक २४५००००।०० सूचनामा खुलाएको पाइयो ।</td><td>२,४५०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • आपूर्तकले रु २४१८१३६ को विल पेश गरेकोमा रु २४५००००।०० भुक्तानी दिई ३१८६४ बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।<br>• दरभाउपत्रमा कार्यालय प्रमुखको सहिछाप नभएकोले कार्यालयबाटनै विक्रि भएको दरभाउपत्र पेश भएको हो भन्ने सुनिश्चित हुन सकिएन ।<br>• दरभाउपत्रको इन्स्ट्रक्सन टु विडर्स महलको ८ नं. बुँदामा औषधि दाखिला हुँदा कम्तिमा १८ महिना म्याद हुनुपर्ने व्यवस्था रहेको पाइयो । प्राप्त भएका औषधि मध्ये ३२ प्रकारका औषधि विलमा उल्लेखित म्याद अनुसार निर्धारित समयभन्दा घटि म्यादका पाइयो ।<br>• प्राप्त भएका औषधि जिन्सी दाखिला गरेको पाइएन । जिन्सी दाखिला प्रमाण पेश हुनुपर्ने रु.. | |
| ३९ | | | **स्वकीय सचिव को तलबभत्ता**<br><br>........... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।६ को निर्णयबाट रु.३१९३२० ।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ४० | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्तर मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले उल्लेखित कानून निर्माण नभइ यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | ९९०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौ. नं.</td><td>विवरण</td><td>कर्मचारी संख्या</td><td>खर्च रकम कर बाहेक</td></tr>
<tr><td>१२।२०७८।९।९</td><td>कर्मचारी प्रोत्साहन भत्ता</td><td>८</td><td>४०००००</td></tr>
<tr><td>६३।२०७८।१०।३</td><td>कर्मचारी प्रोत्साहन भत्ता</td><td>८</td><td>९००००</td></tr>
<tr><td>८९।२०७८।११।३</td><td>कर्मचारी प्रोत्साहन भत्ता</td><td>८</td><td>८००००</td></tr>
<tr><td>१४४।२०७८।११।३०</td><td>कर्मचारी प्रोत्साहन भत्ता</td><td>८</td><td>१०००००</td></tr>
<tr><td>१७८।२०७९।१।१८</td><td>कर्मचारी प्रोत्साहन भत्ता</td><td>८</td><td>८००००</td></tr>
<tr><td>१९०।२०७९।२।११</td><td>कर्मचारी प्रोत्साहन भत्ता</td><td>८</td><td>८००००</td></tr>
<tr><td>२५२।२०७९।३।१८</td><td>कर्मचारी प्रोत्साहन भत्ता</td><td>८</td><td>१६००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>९९००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>बीमा कट्टा<br><br>निजामती सेवा ऐन २०४९को दफा ४० तथा नियमावली २०५० को नियम १३१ बमोजिम बीमा कट्टा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाका देहायका कर्मचारीको बीमा कट्टा नगरि भुक्तानी गरेकोले कट्टा नगरेको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><td>नाम</td><td>कट्टा हुने रकम रु</td></tr>
<tr><td>गजेन्द्र थलङ</td><td>४८००</td></tr>
</table>
</td><td>१४,४००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>मान बहादुर पालुङ्वा</td><td>४८००</td></tr>
<tr><td>प्रकाश कार्की</td><td>४८००</td></tr>
<tr><td>जम्मा</td><td>१४४००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>पारिश्रमिक कर<br><br>आयकर ऐन,२०५८ को दफा ८७(१) मा प्रत्येक बासिन्दा रोजगारदाताले, कुनै कर्मचारी वा कामदारले प्राप्त भएको आयको गणना गर्दा समावेश गरिने नेपालमा श्रोत भएको कुनै रकमको भूक्तानी गर्दा अनुसूची-१ वमोजिमको दरले करकट्टा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायका कर्मचारीलाई तलव,महङ्गी भत्ता, चाडपर्व खर्च, पोषाक भत्ता र स्थानीय भत्ता भुक्तानी गरेकोमा निजहरुले पाउने अवकाशकोष घटाउदा बाँकी रकममा कर कट्टा भएको नदेखिएकोले असुल गर्नुपर्ने रु.<br><table>
<tr><td>कर्मचारीको पद र नाम</td><td>कट्टा हुने रकम रु</td></tr>
<tr><td>सि अ हे व छैटौ ललित नारायण यादव</td><td>१५७०४</td></tr>
</table><br>(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१४ को निर्णयबाट रु.८९५०।- सम्परीक्षण गरिएको । )</td><td>१५,७०४</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>समानीकरण अनुदानबाट निजी शिक्षकको तलब भत्ता<br><br>...........(प्रारम्भिक प्रतिवेदन उपर नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. १०२२२०१४।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>भ्रमण भत्ता बढी भुक्तानी<br><br>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१४ को निर्णयबाट रु.१५५००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>कार्यसम्पादनमा आधारित र उत्कृष्ट सिकाई अनुदान<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१३ मा तोकिएको सूचकाङ्कका आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान दिँदा कार्यसम्पादन सूचकको आधारमा विद्यालयलाई प्रस्ताव पेश गर्न लागाउने र अनुदान दिनुपुर्व शिक्षण सिकाई समयापनसम्बन्धि कार्यविधि लागु गरेको सुनिश्चितता हुनुपर्ने व्यवस्था छ । त्यस्तै उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान दिँदा तोकीएको आधारमा मापदण्ड तयार गर्ने, प्रस्ताव माग गर्ने पेश भएको प्रस्तावका आधारमा एक उत्कृष्ट विद्यालयलाई एकमुष्ट रुपमा अनुदान दिने व्यवस्था छ । गाउँपालिकाले देहायका विद्यालयलाई रु ३५००००।०० कार्यसम्पादनमा आधारित अनुदान दिँदा शिक्षण सिकाई समयापनसम्बन्धि कार्यविधि लागु गरेको तथा मापदण्ड बमोजिमको प्रस्ताव माग गरी उत्कृष्ट विद्यालय छनौट गरेको प्रमाण पेश भएन । उक्त प्रमाण पेश हुनुपर्ने अन्यथा अनुदान रकम असुल गर्नुपर्ने रु..
<table>
<tr><td>विद्यालयको नाम</td><td>अनुदानको प्रकार</td><td>रकम</td></tr>
<tr><td>जनरात्री प्रावि</td><td>तोकिएको सूचकाङ्कका आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान</td><td>५००००</td></tr>
<tr><td>चिनाबुङ प्रावि</td><td>तोकिएको सूचकाङ्कका आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान</td><td>५००००</td></tr>
</table></td><td>३५०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पञ्चेश्वरी मावि</td><td>उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान</td><td>२०००००</td></tr>
<tr><td>सुनखानी प्रावि</td><td>तोकिएको सूचकाङ्कका आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान</td><td>५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>
अनुगमन तथा कार्यसम्पन्न प्रतिवेदन<br><br>
कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१३ मा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान विद्यालयलाई निकासा गरेपछि निर्धारित मापदण्ड र प्रकृया अनुरुप कार्यान्वयन गरेनगरेको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा पनि एक प्रति पठाउनुपर्ने व्यवस्था छ । देहायका विद्यालयहरुलाई देहायको अनुदान निकासा गरेपछि निर्धारित मापदण्ड र प्रकृया अनुरुप कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गरेको पाइएन । अनुगमन गरी खर्च सुनिश्चित गर्नुपर्ने रु..
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालय</th><th>विज्ञान प्रयोगशाला</th><th>पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान</th><th>जम्मा</th></tr>
<tr><td>1</td><td>पञ्चेश्वरी मावि</td><td>६५००००</td><td></td><td>६५००००</td></tr>
<tr><td>2</td><td>साँवा मावि</td><td></td><td>६५००००</td><td>६५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१३०००००</td></tr>
</table>
</td><td>१,३००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४७ | | | **ग्रेड बढी भुक्तानी**<br><br>........... *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु.१३८१०।- सम्परीक्षण गरिएको ।)* | ० |
| ४८ | | | **दिवा खाजा**<br><br>........... *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. ४६०२६०।- सम्परीक्षण गरिएको ।)* | ० |
| ४९ | | | **पाठ्यपुस्तक अनुदान**<br><br>थप पाठ्यपुस्तक अनुदान ÷कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निशुल्क पाठ्यपुस्तक बापतको रकम अनुदान दिँदा आइ.ई.एम.आइ.एस.को आधारमा विद्यार्थी संख्या एकिन गरी प्रथम पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र वैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा एकिन गरि नपुग हुने रकम मात्र थप अनुदान दिन सक्ने व्यवस्था रहेको छ । गाउँपालिकाले अन्तर्गतका विद्यालयहरुलाई ७५ प्रतिशत रकम रु ८८४४१९।०० निकासा दिइ बाँकी २५ प्रतिशत मध्ये केही विद्यालयलाई रु २४७८८५।०० गरी जम्मा रु ११३२३०४।०० प्रमाण बेगर अनुदान रकम निकासा दिएको पाइयो । विद्यालयले पाठ्यपुस्तक खरिद गरी वितरण गरेको प्रमाण वेगर निशुल्क पाठ्यपुस्तक रकम अनुदान दिएकोले सो खर्चको पुष्टयाई प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.. | १,१३२,३०४ |
| ५० | | | **इन्टरनेट व्यवस्थापन अनुदान** | ७२,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१० मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्न प्रति विद्यालय बार्षिक रु १२ हजार अनुदान दिने र इन्टरनेट सुविधाको व्यवस्था र प्रयोगको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ६ विद्यालयलाई ७२०००।०० इन्टरनेट व्यवस्थापन अनुदान उपलब्ध गराएकोमा इन्टरनेट व्यवस्थापन र प्रयोगको अनुगमन गरेको प्रमाण पेश भएन । अनुगमन गरी जडान र प्रयोगको अवस्था एकीन गरी जडान तथा प्रयोग नभएका विद्यालयको अनुदान फिर्ता गर्नुपर्ने जडान तथा प्रयोग भएको भए अनुगमन गरी खर्च सुनिश्चित हुने अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु..</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>सेनिटरी प्याड<br><br>गाउँपालिकाले खरिद गरेको सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले यसरी प्राप्त सामान जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने कार्यविधिमा उल्लेख छ । सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड वितरण कार्यको लागि गाउँपालिकाले यस आर्थिक वर्षमा ७७६० थान सेनिटरी प्याड खरीद गरी रु. ५३९२८१।०० खर्च गरेको छ । पालिकाले खरिद गरेको सेनिटरी प्याड छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख राखेको पाइएन। खरिद भएका सामानको प्रभावकारी रुपमा उपयोग भएको प्रमाण पेश हुनुपर्ने रु...</td><td>५३९,२८१</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम<br><br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा निकासा भएको रकमबाट भएको खर्चको कार्यप्रगति विवरण विद्यालयले पालिका र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पेश गर्नुपर्दछ । देहायका विद्यालयलाई निकासा भएको रकमको कार्यसम्पन्न तथा प्रगति विवरण र खर्च सुनिश्चित हुने अनुगमन प्रतिवेदन पेश भएन । कार्यसम्पन्न पेश हुनुपर्ने रु..<br><table><tr><td>विद्यालयको नाम</td><td>अनुदानको प्रकार</td><td>निकासा रकम</td></tr></table></td><td>६,०५०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>ओझागाउँ आवि</td><td>दुईकोठे भवन</td><td>१८०००००</td></tr><tr><td>बाल्देन मावि</td><td>चारकोठे भवन</td><td>३६०००००</td></tr><tr><td>पञ्चेश्वरी मावि</td><td>आइसिटि ल्याव</td><td>६५००००</td></tr><tr><td>जम्मा</td><td></td><td>६०५००००</td></tr></table></td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रम — स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत गाउँपालिकामा यस वर्ष कुनैपनि योजना संचालन नभएको र रोजगारी सृजना नभएको पाइयो । कार्यक्रमको उद्देश्य अनुसार वेरोजगारको सूचि तयार गरी न्युनतम अवधि रोजगारी दिन ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>पेश्कीलाई बजेट खर्च लेखेको<br><br>सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ११३ मा आपुर्तिकर्ता निर्माण व्यवसायि वा सेवा प्रदायकलाई ऐनको दफा ५२ क को अधिनमा रहि खरिद सम्झौतामा भएको व्यवस्था बमोजिम पेश्कि दिन सकिने व्यवस्था छ ।पालिकाले देहाय बमोजिमका निर्माण व्यवसायीलाई सम्झौताको व्यवस्था बमोजिम पेश्कि अभिलेख जनाइ भुक्तानी दिनु पर्नेमा पेश्कि अभिलेख नजनाइ सिधै खर्च लेखि भुक्तानी दिएको छ ।खरिद नियमावली तथा सम्झौताको व्यवस्था बमोजिम पेश्कि कट्टा गर्नुपर्ने हुदा अभिलेखमा जनाउनु पर्ने देखिएको रु.<table><tr><td>ब उ शि नं.</td><td>गो भौ नं./मिति</td><td>विवरण</td><td>निर्माण व्यवसायी</td><td>रकम</td></tr></table></td><td>११,१००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>गा पा पुँजिगत</td><td>११८।२०७९।२।२८</td><td>प्रशासकिय भवन</td><td>आशिस/श्वमिनारायण/योगेस्वर जेभि</td><td>९४०००००</td></tr>
<tr><td>ऐऐ</td><td>१२३।२०७९।३।४</td><td>वडा नं.२ भवन निर्माण</td><td>एस एस कन्स्ट्रक्सन</td><td>१७०००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>११९०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>सफ्ट्वेयर खरिद<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ मा २० लाख सम्मको परामर्स सेवा मौजुदा सूचिमा भएका कम्तिमा ३ वटा परामर्स सेवा प्रदायकबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को दफा ३ ( २ ) मा सरकारी निकायले प्रयोग गर्ने सुचना प्रविधि प्रणाली प्रविधिक समितिको सिफारिसमा निर्देशक समितिले निर्धारण गरेको मानक बमोजिम हुनुपर्ने र निर्देशिकाको दफा ४ मा सुचना प्रविधि प्रणाली मानक बमोजिम भए नभएको सुचना प्रविधि विभागबाट प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले एकिकृत सूचना तथा सेवा व्यवस्थापन प्रणाली निर्माण गर्न नेशनल इन्कुवेशन रिसर्च सेन्टरलाई रु १००००००।०० भुक्तानी गरेको पाइयो । उक्त सफ्ट्वेयर सूचना प्रविधि विभागबाट प्रमाणिकरण भएको पाइएन । उक्त सफ्ट्वेयर निर्माणको टिओआर र लागत अनुमान तयारीको आधार पेश भएन तथा लेखापरीक्षण अवधि सम्ममा सफ्टवेयर प्रयोग भएको पाइएन । सूचना प्रविधि प्रणाली निर्देशिका बमोजिम प्रमाणीकरण को प्रमाण पेश गरी टि ओ आर र लागत अनुमान र सफ्टवेयर जडानको आधार पेश हुनुपर्ने रु..</td><td>१,०००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>गो .भौ. नं. र मिति</td><td>खरिद भएको सफ्टवयेरको विवरण</td><td>भुक्तानी रकम रु.</td><td>आपूर्तिकर्ताको नाम</td></tr>
<tr><td>१५४।२०७८।१२।८</td><td>सफ्टवेयर खरिद</td><td>१000000</td><td>नेशनल इन्कुवेशन एण्ड रिसर्च प्रा लि</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१000000</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>बढी भुक्तानी<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्वास्थ्य चौकी भवन प्लाष्टर योजना सिम्बुक स्वास्थ्य चौकी उपभोक्ता समितिलाई रु ५00000।00 भुक्तानी दिदा नापी किताबमा प्लाष्टर कामको ढोका र झ्यालको पुरा क्षेत्रफल नघटाएको कारण १४ घन मिटरको ४४७ का दरले रु ६२५८।00 र सिमेन्ट ढुवानी विष्लेषणमा दर विष्लेषणको भन्दा १०५१ केजि सिमेन्टको २०.३९ का दरले २१४४०।00 गरी जम्मा २७६९८ बढी भुक्तानी भएको पाइयो । बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु..</td><td>२७,६९८</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>बढी भुक्तानी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गर्दा लाग्ने जनशक्तिको पारीश्रमिक लागत अनुमानमा ४ जनाको १५ दिनको २००० को दरले रु १२0000।00 हुनुपर्नेमा १५0000।00 भएकोले रेवती नारायण नेपाललाई रु ३0000।00 बढी भुक्तानि भएको पाइयो । बढी भुक्तानी भएको रकम निजसंग असुल गर्नुपर्ने रु..</td><td>३0,000</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>जडान तथा नापजाच<br><br>खरिद हुने प्रकृतिका मालसामान तथा सार्वजनिक निर्माण कार्यको फिल्डमा भएको कार्यको नापजाच गरि सो आधारमा भुक्तानी गर्नुपर्दछ । पालिकाले देहाय प्रकृतिको जडान हुने मालसामानको खरिदको आधारमा भुक्तानी भएकोले जडान तथा नापजाँच भएको प्रमाण पेश हुनुपर्ने रु<br>
<table>
<tr><th>ब उ शि नं</th><th>गो भौ नं/मिति</th><th>आपुर्तक</th><th>विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>गा पा पुँजिगत</td><td>३६।०७८।११।२३</td><td>तमोर खोला बराल स्टोर्स एण्ड सप्लायर्स</td><td>ड्रम तथा पाइप खरिद</td><td>२२१५९३</td></tr>
<tr><td></td><td>३७।०७८।११।२३</td><td>ऐऐ</td><td>ऐऐ</td><td>१९९१६२</td></tr>
<tr><td></td><td>१०५।०७९।२।२१</td><td>ऐऐ</td><td>ऐऐ</td><td>३९९३४२</td></tr>
<tr><td></td><td>१०६।०७९।२।१२</td><td>ऐऐ</td><td>ऐऐ</td><td>३९९७९४</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१२१९८९१</td></tr>
</table></td><td>१,२१९,८९१</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>गुणस्तर निरीक्षण परीक्षण<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसामान सम्झौतामा उल्लेखित स्पेसिफिकेसन बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले ८ थान ल्यापटप लगायत १४ प्रकारका मलसामान खरिद गरी न्यू पाथिभरा कम्प्युटर ट्रेडलाई रु १५०६५१६।०० भुक्तानी दिएकोमा प्राप्त भएको मालसामान निर्धारित स्पेसिफिकेसन बमोजिम भए नभएको सम्बन्धमा निरीक्षण परीक्षण गरी प्रतिवेदन पेश हुनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०</td><td></td><td></td><td>अनुदान<br><br>आर्थक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा स्वीकृत लागत अनुमान बमोजम कुनै संघ संस्थालाई दिएको रकम जुन कामको लागि दिएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे नगरेको र त्यस्तो रकमको कानुन कमोजिम लेखापरीक्षण भए नभएको कुराको अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ईन्टरनेट व्यवस्थापनको लागि स्मार्ट लिंक प्रलि लाइ गो भौ नं १४१।२०७८।११।३० बाट रु २०००००० अनुदान दिएकोमा लक्ष्य अनुसार निर्धारित कार्य भए नभएको तथा कानुन बमोजिम लेखापरीक्षण भए नभएको समेत कुराको अनुगमन गरेको नपाइएकोले अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु..</td><td>२,०००,०००</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>लागत अनुमान<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले एकलाख भन्दा बढिको मालसामान खरिदको लागि लागत अनुमान तयार गरी ऐनको दफ ५क बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था छ ।गाउपालिकाले यस बर्ष गरेका देहाय खरिदकोलागत अनुमान तयार गरी स्वीकृत गरेको नदेखिएकोले नियमित नदेखिएको रु.
<table>
<tr><th>गोश्वरा भौचर नंवर</th><th>आपूर्तिकर्ताको नाम</th><th>मालसामानको बिबरण</th><th>खर्च रकम</th></tr>
<tr><td>१८४।२०७९।१।२०</td><td>ड्रग इन्टरनेशनल फर्मेसी</td><td>औषधि तथा उपकरण</td><td>१३०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td></tr>
</table></td><td>१,३००,०००</td></tr>
<tr><td>६२</td><td></td><td></td><td>कोभिड भत्ता</td><td>१०२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कोरोना भाइरस (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश,२०७७को दफा ४ बमोजिम जोखिम भत्ता प्राप्त गर्नका लागि पुष्ट्याई सहितको विवरण जस्तै कार्य गर्नका लागि खटाएको प्रमाण वा खटिएको स्थानको प्रमाणित हाजिरी पेश गर्नुपर्ने व्यवस्था छ। तर वडा न ३ अन्तर्गत लिबाङ स्वास्थ चौकीका स्वास्थ कर्मीहरुलाई कोभिड १९ को महामारीको बेला स्वास्थ्य कार्यालय तथा समुदायमा गई सचेतनामूलक कार्यक्रम पिसिआर तथा आर डि टि परीक्षण लगायतका कार्यक्रम सञ्चालन गर्न खटेका देहायबमोजिमका स्वास्थ्यकर्मीलाई प्रोत्साहन वापतको भुक्तानी गर्दा उल्लिखित विवरण पेश नगरेकोले प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु. | |

| क्र.सं. | नाम थर | प्रोत्साहन वापतको रकम |
|---|---|---|
| १ | सूर्य लिम्बु हे अ | २५४०० |
| २ | रेहा थापा अ न मी | २०४०० |
| ३ | डिरेखा थापा अ हे ब | २०४०० |
| ४ | अमृता श्रेष्ठ लिबाङ अ न मी | २०४०० |
| ५ | बलबिर लिम्बु का स | १५४०० |
| | जम्मा | १०२००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **आन्तरिक लेखापरीक्षण प्रतिवेदन**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व उत्तरदायित्व नियमावली २०७७ को नियम मा कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औल्याईएको कैफयत सम्बन्धमा अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी नियमित गर्नुपर्ने भए नियमित गराई बेरुजु फछ्यौंट गर्नु गराउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक लेखापरीक्षणबाट | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | औल्याईएको देहायको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट गरेको नपाइएकोले प्रारम्भिक प्रतिवेदनमा समावेश गरिएको छ । उल्लेखित बेरुजु असुल फस्यौंट हुनुपर्दछ । | |
| ६३.१ | | | सैद्धान्तिक बेरुजुहरु<br>• साक्षर पालिका घोषणा कार्यक्रम अन्तर्गत कार्यालयका कर्मचारी श्री केशव शरण अधिकारीले आय करमा मात्र दर्ता भएको श्री जनकल्याण स्टेशनरी तथा किराना पसलबाट विभिन्न मितिमा सामग्री खरिद गरेको पाइयो ।<br>• विभिन्न कृषि फर्म तथा पशुपालन कृषक समूहलाई कार्यालयले अनुदान वितरण गरेको पाइयो । यसरी अनुदान भन्दा उत्पादनमुखी कार्यक्रम तर्जुमा गरी रोजगारी प्रबर्द्धन गर्न तर्फ विशेष ध्यान दिनु आवश्यक देखिन्छ ।<br>•<br>स्थानीय तहको राजस्वको दायरा फराकिलो पारी आत्मनिर्भर बन्नका लागि उत्पादनमा जोड दिदै स्थानीय स्रोत साधनको अधिकतम परिचालन तथा व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६३.२ | | | वडा सचिव भीम बहादुर विश्वकर्मालाई दिइएको खानाखाजा बापतको रु ८६६००।०० भुक्तानी गरेको पाइयो । उक्त भुक्तानीको खर्च पुष्टी हुने कागजात पेश नभएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.. | ८६,६०० |
| ६३.३ | | | अनियमित बेरुजु<br>• पोषण कार्यक्रम अन्तर्गत ललित नारायण यादवले पेश्की मार्फत नेपाल स्वास्थ्य फुड इन्डस्ट्रिज, दिपक भेराइटी स्टोर र आनन्द ट्रेड कन्सर्नबाट दररेट माग गरेकोमा नेपाल स्वास्थ्य फुड इन्डस्ट्रिज मात्र उक्त कारोबार गर्ने फर्म भएको हुनाले असम्बन्धित पसलसंग दर रेट माग गरी कारोबार गरेको तथा कार्यालयमा नै सूचिकृत नभएको फर्मबाट दररेट माग गरी खरिद प्रकृया अगाडी बढाउने कार्य गरी रु ३९९४१८।०० मा भएको खरिद नियमसम्मत नदेखिएको रु | २,३६१,९०९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सेवा केन्द्र संचालनका लागि मसलन्द सामग्री खरिद प्रयोजनार्थ एम आई एस अपरेटर मिङमा शेर्पालाई पेश्की दिइ १८००००।०० को सामग्री खरिद गरेको पाइयो । यसरी कार्यालयका लागि आवश्यक सामग्री पेश्की मार्फत पार्टी भुक्तानी नभई गरेको खरिद र उक्त खरिदका विलमा उल्लेख भएका सामग्रीहरुको खर्च पुष्टि हुने आधार समेत नरहेको पाइयो साथै सञ्चार सामग्री तथा छपाई सामग्री रु १२०००० को सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु<br>• समपुरक कोषको रकमबाट पञ्चेश्वरी मा वि लाई भवन निर्माण तथा थलङ खेलमैदान निर्माण बापतको रकम १३८७४९१।०० भुक्तानी गरेको नियमसम्मत देखिएन ।<br>• चालु प्रकृतिका कार्यक्रमहरु मोति मा वि मार्फत क्षमता विकास तथा सञ्चालनका लागि इन्टरनेट जडान कार्यक्रम अन्तर्गत रु २७५०००।०० तालिम कार्यक्रम सञ्चालन गरेको नियमसम्मत देखिएन । | |
| ६३.४ | | | गाउँपालिकाले उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउदा भुक्तानी उपभोक्ता समितिलाई दिनुपर्दछ । गाउँपालिकाले निर्माण कार्य देहायको उपभोक्ता समितिबाट गराएकोमा ९६००००।०० भुक्तानी उपभोक्ता समितिलाई नदिई देहायबमोजिम दिएको पाइयो । नियमअनुसार नभएको अनियमित भुक्तानी रु.. | ९६०,००० |

| क्रम संख्या | निर्माण कार्य | उपभोक्ता समिति | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| १ | ग्याजि पेम्बा बाटो मर्मत कार्य | ग्याजि पेम्बा बाटो मर्मत कार्य उ स | उस अध्यक्ष मिङमा शेर्पा | १००००० |
| २ | केराबारी सिचाई कार्यक्रम | केराबारी सिंचाई कार्यक्रम उस | उस अध्यक्ष कुमार मगर | १००००० |
| ३ | वडा कार्यालय मर्मत कार्य | वडा कार्यालय मर्मत उस | उस अध्यक्ष दिलिप लिम्बु | १००००० |
| ४ | वारुमा खानेपानी कार्यक्रम | वारुमा खानेपानी कार्यक्रम उस | उस अध्यक्ष दावा शेर्पा | १००००० |
| ५ | मालबासे कुलो मर्मत कार्य | मालबासे कुलो मर्मत उस | उस अध्यक्ष सुक बहादुर लिम्बु | १००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (नेस्टेड तालिका तल) | |
| ६४ | | | **अनुगमन प्रतिपेदन** | ५,४६९,३०० |

| | | | | |
|---|---|---|---|---|
| ६ | पादाङ सिम्बुक बाटो मर्मत कार्य | पादाङ सिम्बुक बाटो मर्मत उस | उस अध्यक्ष मिङमा छिरिङ शेर्पा | १००००० |
| ७ | वडा कार्यालय ठेस गाह्रो निर्माण | पञ्चेश्वरी मावि | पञ्चेश्वरी मावि | ५०००० |
| ८ | थुम्बाखोला गैडेबाट चकारो गाउँ आउने कुलो मर्मत | थुम्बाखोला गैडेबाट चकारो गाउँ आउने कुलो मर्मत उस | उस अध्यक्ष अर्जुन कुमार बगाले | १००००० |
| ९ | ओङ्दे छ्योलिङ्ग गुम्बा निर्माण | ओङ्दे छ्योलिङ्ग गुम्बा निर्माण उस | उस अध्यक्ष तिल कुमार राई | १००००० |
| १० | वैराखु सामुदायिक भवन छानो मर्मत कार्य | वैराखु सामुदायिक भवन छानो मर्मत कार्य उस | उस अध्यक्ष तिल कुमार राई | १००००० |
| ११ | छेरेक्मा काठे पुल मर्मत कार्य | छेरेक्मा काठे पुल मर्मत कार्य उस | उस अध्यक्ष धार्केला शेर्पा | १०००० |
| | जम्मा | | | ९६०००० |

**अनुगमन प्रतिपेदन**

संघीय सशर्त अनुदानबाट तोकीएबमोजिम अनुदान दिदा र खर्च गर्दा निर्देशिका अनुसार खर्च गरिनुपर्दछ । पालीकाले पकेट क्षेत्र तथा अन्य अनुदान देहायका योजना तथा कार्यक्रमहरुमा दिएको अनुदान रकमबाट सम्झौतामा तोकिए बमोजिमको प्रयोजनमा खर्च गरे नगरेको सम्बन्धमा कार्यालयले अनुगमन गरी सोको प्रतिवेदन तयार गरेको तथा अनुदान रकमबाट खरिद भएका जिवजन्तुको स्वास्थ्य परीक्षण र विमा पेश गरेको देखिएन । अनुदान रकम निर्धारित कार्यमा खर्च भएको सुनिश्चित हुन खरिद भएका जिवजन्तुको स्वास्थ्य परीक्षण विमा र अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु..

| कार्यक्रम | अनुदान पाउनेको विवरण | अनुदान रकम | कैफियत |
|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बेसार पकेट निरन्तरता कार्यक्रम</td><td>ताङखु बहुउद्देश्यीय कृषि तथा पशु फर्म</td><td>६०००००</td><td></td></tr>
<tr><td>अलैचि पकेट निरन्तरता कार्यक्रम</td><td>मेहेलबोटे बजाफुक ओखरबोटे अलैचि पकेट सञ्चालक समिति</td><td>६०००००</td><td></td></tr>
<tr><td>तरकारी पकेट कार्याक्रम</td><td>नविन कृषक समुह</td><td>१२०००००</td><td></td></tr>
<tr><td>बंगुर पकेट निरन्तरता कार्यक्रम</td><td>हान्द्रुङ सहकारी कृषक समुह</td><td>५४००००</td><td>खरिद भएका बंगुरका ९० पाठापाठिको स्वास्थ्य परीक्षण र विमा पेश नभएको</td></tr>
<tr><td>बाखा पकेट कार्यक्रम</td><td>बहुउद्देश्य बाखा पालन कृषक समुह</td><td>५३२५००</td><td>खरिद भएका बोयर क्रस ७५% पाठी २३ र बोयर क्रस ७५% बोका ५ को बोयर क्रस र स्वास्थ्य परीक्षण तथा विमा पेश नभएको</td></tr>
<tr><td>दुध मिसन कार्यक्रम अन्तर्गत चौरी प्रवर्द्धन कार्यक्रम</td><td>तोप्केगोला याक पालन फर्म</td><td>१९९६८००</td><td>खरिद भएका ३२ याकको स्वास्थ्य परीक्षण र विमा पेश नभएको</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५४६९३००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फ</td><td></td></tr>
<tr><td>६५.१</td><td></td><td></td><td>गाउँपालिकालाई यस वर्ष सामाजिका सुरक्षा भत्ता वितरण गर्न बजेट रु ३१८८५२९६ बजेट विनियोजन भएकोमा पालिकाले रु २९८०५१७९ निकासा प्राप्त गरी बैकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :</td><td>७,३१२,२२९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>क) गाउँपालिकालाई सामाजिक सुरक्षा भत्ता वापत निकासा रु २९८०५१७९ देखिएको तर पालिकाको फरवार्ड फिडमा २२४९२९५० बैकलाई पठाएको देखिएकोले बैकमा पठाएको नदेखिएको रु ७३१२२२९ को सम्बन्धमा एकीन गरी संचित कोष दाखिला गर्नुपर्ने देखिएको रु<br><br>ख)गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंकको नाममा रु.२,२४,९२,९५०/ निकासा पठाएकोमा लेखापरीक्षणको क्रममा MIS बाट प्राप्त लाभार्थी भुक्तानी प्रतिवेदन परिक्षण गर्दा रु.१,९४,६२,९२५/- वितरण गरी रु.३०३००२५/- वितरण नभई बैंकमा बचत रहेको पाइयो । यसरी सामाजिक सुरक्षा भत्ता बापत निकासा भएको रकम वितरण नभई बैंक खातामा मौज्दात रहेकोले उक्त रकम संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु....</td><td></td></tr>
<tr><td>६५.२</td><td></td><td></td><td>मुल अभिलेख नराखेको- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ३ बुँदा नं. १० मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको नियमावलीको अनुसूची ३ बमोजिमको फोटो सहितको मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले तोकिएको ढाँचामा फोटो सहित नागरिकता नम्बर उल्लेख गरी लाभग्राहीको मूल अभिलेख राखेको पाइएन । यसले गर्दा वितरित रकम सहि हो भनी एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>६५.३</td><td></td><td></td><td>दोहोरो नागरिकता - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले तोकिदिएको मिति भित्रै लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा परिचयपत्रको नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीहरुको नाम प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले निम्नानुसार लाभग्राहीलाई दोहोरो नागरिकता नम्बर उल्लेख गरी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरेको छ। नागरिकता नम्बर दोहोरो उल्लेख गरी भत्ता वितरण गरेकोले वास्तविक लाभग्राही पहिचान हुन सकेन । के कारणले नागरिकता नम्बर दोहोरिएको हो सो पहिचान गरी वास्तविक लाभग्राही बाहेकलाई भत्ता वितरण भएको नभएको यकिन गरी दोहोरो भत्ता वितरण भएको खण्डमा दोहोरो परेको रकम असुल गर्नुपर्ने रु.<br><table><tr><th>नाम</th><th></th><th>ना.प्र.नं.</th><th>जन्म मिति</th><th>त्रैमासिक</th></tr></table></td><td>२६९,९३४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | वडा नं. | | | प्रथम | दोस्रो | तेस्रो | चौथो |
|---|---|---|---|---|---|---|---|
| पेम्बा लामु शेर्पा | ३ | ०१-०२-०१६-१११ | २००७-०२-०३ | १२००० | | | |
| पेम्बा लामु शेर्पा | | | २०१५-०१-०१ | ७९८० | | | |
| विष्णुमाया लिम्बु | ३ | ०११०१६।८२ | २०१२-०१-०१ | ७९८० | | | |
| मन बहादुर लिम्बु | | | २०२६-०८-११ | ११९७० | | | |
| शुकुमाया लिम्बु | ३ | ८७३-५९ | २०१५-०१-०१ | ७९८० | | | |
| सुखमाया लिम्बुनी | | | २०१४-१०-२९ | ७९८० | ७९८० | ७९८० | ७९८० |
| दिपा लिम्बु | ३ | ०१-०१-७३-०३५६६ | २०५५-११-०५ | ६३८४ | ६३८४ | ६३८४ | |
| ङिमा शेर्पा | | | २०५५-११-०५ | ६३८४ | ६३८४ | ६३८४ | |
| Kul Bahadur Limbu | ४ | १२५९१४७ | २००८-१२-४ | | | | १२००० |
| kul Bahadur limbu | | | २००८-१-१२ | | | | १२००० |
| Dhan Maya limbu | ४ | ०१०१७८०३८३३ | २०३३-१-८ | | | | |
| Dhan Maya limbu | | | २०३३-१-८ | | | | ७९८० |
| दावा छेदेन शेर्पा | ५ | | २००८-०१-०८ | १२००० | १२००० | १२००० | १२००० |
| फुपु याङगि शेर्पा | | | २०४८-११-२० | ६३८४ | ६३८४ | ६३८४ | ६३८४ |
| फुपु छिरिङ शेर्पा | | | २०१३-११-२१ | ६३८४ | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>Krishna Maya Limbu</td><td>१</td><td>०००००</td><td>२०१२-४-१५</td><td></td><td>७९८०</td><td>७९८०</td><td>७९८०</td></tr>
<tr><td>दावाफुटि शेर्पा</td><td rowspan="2">५</td><td rowspan="2">६६७७४।२०२६</td><td>२०१२-०१-०१</td><td>७९८०</td><td></td><td></td><td></td></tr>
<tr><td>दावा फुटी शेर्पा</td><td>२०४५-०१-०३</td><td>७९८०</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="4" rowspan="2">जम्मा</td><td>१०९३८६</td><td>४७११२</td><td>४७११२</td><td>६६३२४</td></tr>
<tr><td colspan="4">२६९९३४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५.४</td><td></td><td></td><td>
दोहोरो बैंक खाता- सामाजिक सुरक्षा भत्ता वितरणको स्रेस्ता परीक्षण गर्दा देहायअनुसार बैंक खाता नम्बर एउटै भएका तर नागरिकता नं. फरक फरक भएका व्यक्तिहरुलाई भत्ता वितरण गरेको देखियो । तसर्थ पालिकाले लाभग्राहीहरुको लगत अद्यावधिक गरी निम्नानुसार एउटै बैंक खाता नम्बर भएको व्यक्तिहरुलाई वितरण गरेको भत्ता रकम सम्बन्धमा दोहोरो भए नभएको यकिन गरि दोहोरो भएमा असूल गर्नुपर्ने रु...
<table>
<tr><th rowspan="2">नाम</th><th rowspan="2">वडा नं.</th><th rowspan="2">बैंङ्क खाता नं.</th><th rowspan="2">ना.प्र.नं.</th><th colspan="4">त्रैमासिक</th></tr>
<tr><th>प्रथम</th><th>दोस्रो</th><th>तेस्रो</th><th>चौथो</th></tr>
<tr><td>Sangita Biswakarma</td><td rowspan="2">१</td><td rowspan="2">1360000304SO</td><td></td><td></td><td>१५९६</td><td></td><td></td></tr>
<tr><td>Sangita Biswakarma</td><td></td><td></td><td>१५९६</td><td></td><td></td></tr>
<tr><td>Bal Hang Limbu</td><td>३</td><td>1360000390SO</td><td>398831</td><td></td><td>१२०००</td><td></td><td></td></tr>
</table>
</td><td>८७,१३२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>Chuakhuri Limbu</td><td></td><td></td><td>382288</td><td></td><td>७९८०</td><td></td><td></td></tr>
<tr><td>Lamu Sherpa</td><td>४</td><td rowspan="2">1360000622SO</td><td>412611103</td><td></td><td></td><td></td><td>७९८०</td></tr>
<tr><td>Kami Chhiring Sherpa</td><td>५</td><td>75010</td><td></td><td></td><td></td><td>७९८०</td></tr>
<tr><td>Kul Bahadur Limbu</td><td rowspan="2">४</td><td rowspan="2">1360000611SO</td><td>1259147</td><td></td><td></td><td></td><td>१२०००</td></tr>
<tr><td>Karna Bahadur Limbu</td><td>1258153</td><td></td><td></td><td></td><td>१२०००</td></tr>
<tr><td>maiti maya limbu</td><td rowspan="2">१</td><td rowspan="2">1360000324SO</td><td>321257</td><td></td><td></td><td></td><td>१२०००</td></tr>
<tr><td>Kanchhimaya Limbuni</td><td>252180</td><td></td><td></td><td></td><td>१२०००</td></tr>
<tr><td colspan="4" rowspan="2">जम्मा</td><td></td><td>२३१७२</td><td></td><td>६३९६०</td></tr>
<tr><td colspan="4">८७१३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरूजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरूजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।सो ब्यबस्था अन्तरगत पालिकाले बेरुजु फर्छयौट गरी समपरिक्षणको लागि अनुरोध गरेको छैन । गत बिगतका बेरुजु फस्यौट गरी सम्परीषण गर्नुपर्दछ । | |